# हरिनास गाउँपालिकाको ३९ औं कार्यपालिका बैठक

मितिः- २०८२/१२/२०
समयः-११:०० बजे
स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष

आज मिति २०८२/१२/२० गतेका दिन यस हरिनास गाउँपालिकाका उपाध्यक्ष श्री इन्द्रकुमारी थापा राना ज्यूको अध्यक्षतामा निम्नानुसार गाउँ कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरू गरियो।

उपस्थित

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| २ | श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| ११ | श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| १४ | श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री नि.प्र.प्र.अ राजिव सुवर्णकार | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | श्री नोल बहादुर थापा | प्रशासन अधिकृत | |
| २ | श्री मिलन अधिकारी | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री पर्शुराम सिग्देल | अध्यक्षज्यूको स्वकीय सचिव | |

वैठकका प्रस्तावहरुः

१. गत कार्यपालिको वैठक समिक्षा सम्बन्धमा ।

२. स्थानिय शासन कार्य सम्पादन मूल्यङ्कन(LGPAS) सम्बन्धमा ।

३. शिक्षा योजना सम्बन्धमा ।

४. कृषि प्रदर्शनी सम्बन्धमा ।

५. आर्थिक गणना सम्बन्धमा ।

६. वडा नं.४ को खुर्सानी मल्चिङ सम्बन्धमा ।

७. संस्था दर्ता खारेजी सम्बन्धमा ।

८. मातृ भूमी मा.वि.को पहिरो नियन्त्रण सम्बन्धमा ।

९. सामुदायीक सिकाई केन्द्र सम्बन्धमा ।

१०. हाट बजार सञ्चालन तथा चिस्यानकेन्द्र स्थापना सम्बन्धमा ।

११. बायोम्याट्रिक्स आईरिस डिभाइस खरिद सम्बन्धमा (सामाजिक सुरक्षा भ्त्त नविकरण )

१२. हरिनास गाउँपालिका खानेपानी आयोजना प्रतिवेदन सम्बन्धमा ।

१३. ई.मिलन तिमल्सीनाको राजिनामा स्वीकृत सम्बन्धमा ।

निर्णयहरुः -

१. हरिनास गाउँपालिका वडा नं.-४, चित्रेभन्ज्याङ्मा रहेको मातृभूमि मा.वि.मा मिति २०८१/०३/२२ गते आएको वर्षाले बिद्यालय परिसर र शौचालय करिव २०० मि तल बगाएको हुँदा थप पैहिरो नियन्त्रण नगरेमा विद्यालयमा थप क्षति हुन गई मानविय क्षति समेत हुन सक्ने हुँदा पून निर्माण कार्यका लगि गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालयमा योगनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

२. गत कार्यपालिकाको वैठक समिक्षा गर्ने कार्य गरियो ।

३.  यस पालिकाले आ.ब.२०८१/०८२ को स्थानिय शासन कार्य सम्पादन मूल्यङ्कन(LGPAS) प्राप्त अक ६९.५ भएकोमा उक्त कार्य सम्पादन मूल्याङ्कन स्विकृत गरि पृष्ठ पोष्णको लागी जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

४.  शिक्षा शाखा द्धवारा तयार भएको हरिनास गाउँपालिकाको शिक्षा योजना २०८१, पास गरी प्रकाशन गर्ने निर्णय गरियो ।

५.  हरिनास गाउँपालिका र साना किसान कृषि सहकारी सं.लि. द्धवारा संचालन भएको कृषि प्रर्दशनी मेला सञ्चालन खर्चको लागि जनता संग अध्यक्ष कार्यक्रम शिर्षकबाट र कृषि शाखाको वजेट बाट उक्त मेलाको व्यवस्थापन गर्ने निर्णय गरियो ।

६.  देशव्यपी रुपमा हुन गईरहेको आर्थिक गर्णना २०८२ शिर्षकमा व्यपक छलफल गरि वाडा स्तरमा जानकारी गराउने र कार्यविधि अनुसार कार्य गर्ने निर्णय गरियो ।

७.  देहायका कृषकहरुको माग बमोजिम कृषि शाखा अन्तर्गत खुर्सानी खेतिका लागी वालि संरक्षण यन्त्र उपकरण वितरण (५० प्रतिशत अनुदान) कार्यक्रम बाट मल्चिङ प्लाष्टिक खरिद गर्न अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

१ यम राज खनाल (हाटिगाउ-४ नं. वडा)

२ ..................................

३ ..................................

४ ..................................

५ ..................................

८.  हरिनास गाउँकार्यपालिकामा संस्था दर्ता हुन आएका संस्थहरु मध्ये धैरै संस्थाहरु लामो समयदेखी नविकरण हुन नआएकोले नविकरणको लागि सूचना प्रकाशन गर्ने तथा नविकरण नभएमा संस्था खारेजि प्रक्रिया नियमानुसार अगाडी बढाउने निर्णय गरियो ।

९.  सामुदायीक सिकाईक केन्द्र सञ्चालनका लागी आगामी का.पा.बैठकमा छलफल गर्ने निर्णय गरियो ।

Indra Kumari Thapa
Vice Chairman

१०. कृषि तथा पशुपंक्षि विकास मन्त्रालयको पत्रानुसार हाट वजार तथा चिस्यानकेन्द्र निर्माण तथा सञ्चलन गर्नको लागि लागत साझादारीमा प्रस्तावना माग भई आएकोमा यस पालिकामा चिस्यान केन्द्र-१, र कृषि हाट वजार-१ सञ्चालन गर्ने प्रस्ताव गर्ने निर्णय गरियो ।

११. सामाजिक सुरक्षा भत्ता नविकरणको लगि प्रत्येक वडामा बायोम्यट्री आइरिस डिभाईस आवश्यक रहेकोमा खरिदको लागी वजेट पहिचान गरि खरिद प्रक्रिया अगाडी बढउने निर्णय गरियो ।

१२. हरिनास गाउँपालिकको खानेपानी आयोजना निर्माण भई विविध कारणबाट उपभोक्ता समितिमा हस्तान्तरण हुन नसकेका आयोजनाहरुको तपशिल बमोजिमका समती रहने गरि एक हप्ता भित्र समितिबाट प्रतिवेदन माग गर्ने निर्णय गरियोः

तपसिलः

संयोजकः विनिता पौडेल सा. ईन्जिनियर,

सदस्यः रजेश कुमार यादव अ.सव ईन्जिनयर,

सदस्यः केदार गैह्रे, खा.पा.स.टे

सदस्यः कृष्ण प्रसाद पौडेल, सहायक लेखा अधिकृत,

सदस्य सचिवः नोल बहादुर थापा, अधिकृत स्तर छैठौं

१३. हरिनास गाउँपालिकामा करार ईन्जिनियर पदमा कार्यरत ई.मिलन तिमल्सिनाले मिति २०८२/१२/१५ मा घरायसी कारण देखाई पेश गरेको राजिनामा पत्र स्विकृत गर्ने र यस पालिकामा ईन्जिनियर पद खालि रही कार्य अगाडी बढोउन असहज भएकोले ई. करार पदमा नियमानुसर पदपूर्ति गर्ने प्रक्रिया अगाडी बढउने निर्णय गरियो ।

१४. हरिनास गाउँपालिका- ४ मा रहेको गृहकोट धाउखानी खानेपानी आयोजनाको पानी तन्ने मेसिन १२.५ HP को पम्प थान-२ र १५ HP को पम्म १ ओट पून रुपमा विग्रेको जानकारीमा आएकोले नयाँ खरिदको लागि वजेट व्यवस्थापन प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

Indra Kumari Thapa ...
Vice Chairman